# गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद पोर्चुगलको विधान-२००५

(२०२३ को संशोधन सहित)

## Non-Resident Nepali Association National Coordination Council Portugal

## (NRNA–NCC, Portugal)

### Associação de Nepaleses Residentes em Portugal-NRNP

# गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद पोर्चुगलको
# विधान-२००५
# (२०२३ को संशोधन सहित)

## प्रस्तावना :

वहुजातीय, वहुभाषिक, वहुधार्मिक, वहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषता भएको हाम्रो प्राण भन्दा प्यारो जन्मभूमि, मातृभूमि नेपालको विकास र प्रवर्द्धनमा टेवा पुऱ्याउन, विश्वका विभिन्न मुलुकहरुमा बसोबास गरिरहेका गैरआवासीय नेपालीहरुको सामाजिक सांस्कृतिक सद्भावलाई आत्मसाथ गर्ने सबै प्रकारका जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक, वर्गीय भेदभाव रहित सामाजिक न्याय र समतामुलक समाजको पक्षपोषण गर्न संगठित रुपले अघि बढ्नका लागि मस्कोमा प्रारम्भिक छलफल गरि इस्वी संवत् २००३ (वि.सं २०६०) मा लण्डनमा सम्पन्न गैरआवासीय नेपालीहरुको एक भेलामा व्यापक छलफल भई सोहि वर्षको ११ अक्टोबरमा काठमाडौंमा पहिलो विश्व सम्मेलन गरि नेपाल र नेपालीहरुको हितका निम्ति आफ्नो गतिविधिहरुलाई संचालन एवं समन्वय गर्न लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित नागरिक स्वतन्त्रता, मौलिक अधिकार र मानव अधिकारप्रति प्रतिवद्ध एक स्वाधीनता र स्वाभिमान प्रेमी स्वतन्त्र र स्वायत्त जिम्मेवार संस्थाको गठन हुनु पर्ने आवश्यकतालाई मनन् गरि स्वतन्त्र, अविछिन्न उत्तराधिकारीवाला, गैर नाफामूलक, गैर राजनीतिक, गैर सरकारी, एक संघको रुपमा स्थापित गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको प्रत्यक्ष सम्वन्धन् र वैधानिक दायरा भित्र रहि इस्वी संवत् २००६ को मार्च १४मा यूरोपको दक्षिण क्षेत्रमा अवस्थित सुन्दर देश पोर्चुगलको ऐतिहासिक नगरी लिस्वनमा सम्पन्न गौरवमय भेलाको निर्णय बमोजिम राष्ट्रिय समन्वय परिषद गठन एवं सञ्चालनका लागि यो विधान बनाई लागू गरिएको छ ।

### परिच्छेद - १

१. संक्षिप्त नाम :

१.१ यस संघको नाम "गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद पोर्चुगल" यसपछि छोटकरीमा "राष्ट्रिय समन्वय परिषद पोर्चुगल" भनिएको हुनेछ ।

१.२ गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद, पोर्चुगललाई अंग्रेजीमा "Non Resident Nepali Association National Coordination Council Portugal" छोटकरीमा NRNA–NCC, Portugal भनिनेछ । यसैगरि पोर्चुगिज भाषामा Associação de Nepaleses Residentes em Portugal-NRNP भनिनेछ ।

१.३ यो संस्था गैर नाफामूलक, अविछिन्न उत्तराधिकारीवाला, गैर राजनैतिक सामाजिक संस्था रहनेछ ।

१.४ यो विधान गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद पोर्चुगलको राष्ट्रिय महाधिवेशनले पारित गर्ना साथ लागू हुनेछ ।

२. यस राष्ट्रिय समन्वय परिषद पोर्चुगलको मूलमन्त्र **"नेपालीका लागि नेपाली"** हुनेछ ।

३. गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके बमोजिम नै यसै विधानको अनुसूची बमोजिम लोगो, लेटर हेड, सदस्यता परिचय-पत्र, संस्थाको छाप र सपथ रहनेछ ।

४. यो संस्थाको कार्यालय पोर्चुगलको राजधानी लिस्वनमा रहनेछ ।

### परिच्छेद - २

५. परिभाषा :
विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

५.१ "गैरआवासीय नेपाली" भन्नाले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको विधानको दफा ५.१ बमोजिम गरिएको परिभाषालाई बुझाउने छ ।

५.२ "संघ" भन्नाले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदलाई बुझाउनेछ ।

५.३ "अन्तर्राष्ट्रिय समन्वय परिषद" भन्नाले गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय समन्वय परिषदलाई बुझाउने छ ।

५.४ "राष्टिय समन्वय परिषद" भन्नाले राष्ट्रिय समन्वय परिषद पोर्चुगल लाई बुझाउनेछ ।

५.५ "सम्मेलन" भन्नाले गैरआवासीय नेपाली संघको विश्व सम्मेलनलाई बुझाउनेछ ।

५.६ "क्षेत्रीय सम्मेलन" भन्नाले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको क्षेत्रीय सम्मेलनलाई बुझाउने छ ।

५.७ "क्षेत्रीय बैठक" भन्नाले विभिन्न क्षेत्रमा रहेका राष्ट्रिय समन्वय परिषदहरुले सम्बन्धित क्षेत्र भित्र रहेको मुलुकमा आयोजना गरिने बैठकलाई बुझाउने छ ।

५.८ "अन्तर्राष्ट्रिय महाधिवेशन" भन्नाले गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय महाधिवेशनलाई बुझाउने छ ।

५.९ "राष्ट्रिय महाधिवेशन" भन्नाले निर्वाचन हुनका लागि दुई वर्षमा आयोजना गरिने महाधिवेशनलाई बुझाउने छ ।

५.१० "वार्षिक साधारणसभा" भन्नाले राष्ट्रिय समन्वय परिषद पोर्चुगलको वार्षिक साधारणसभालाई बुझाउने छ ।

५.११ "विशेष महाधिवेशन" भन्नाले राष्ट्रिय समन्वय परिषदको विशेष महाधिवेशनलाई बुझाउने छ ।

५.१२ "क्षेत्रीय अधिवेशन" भन्नाले राष्ट्रिय समन्वय परिषद अन्तर्गत गठित क्षेत्रीय परिषदहरुको अधिवेशनलाई बुझाउने छ ।

५.१३ "अध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषदको अध्यक्षलाई बुझाउने छ ।

५.१४ उपाध्यक्ष भन्नाले राष्ट्रिय समन्वय परिषदको उपाध्यक्षलाई बुझाउने छ ।

५.१५ "महासचिव" भन्नाले राष्ट्रिय समन्वय परिषदको महासचिव लाई बुझाउने छ ।

५.१६ "सचिव" भन्नाले राष्ट्रिय समन्वय परिषदको सचिव लाई बुझाउने छ ।

५.१७ "कोषाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषदको कोषाध्यक्षलाई बुझाउने छ ।

५.१८ "प्रवक्ता" भन्नाले राष्ट्रिय समन्वय परिषदको प्रवक्तालाई बुझाउने छ ।

५.१९ "महिला संयोजक" भन्नाले राष्ट्रिय समन्वय परिषदको महिला संयोजकलाई बुझाउनेछ ।

५.२० "युवा संयोजक" भन्नाले राष्ट्रिय समन्वय परिषदको युवा संयोजकलाई बुझाउने छ । यसैगरी "लेखा संयोजक" भन्नाले राष्ट्रिय समन्वय परिषदको लेखा संयोजकलाई बुझाउने छ

५.२१ "परिषद सदस्य" भन्नाले राष्ट्रिय समन्वय परिषदको कार्यकारिणी समितिको सदस्यलाई बुझाउने छ ।

५.२२ "संरक्षक परिषद" भन्नाले राष्ट्रिय समन्वय परिषदको प्रमुख संरक्षक र संरक्षकहरु रहेको परिषदलाई बुझाउने छ ।

५.२३ "सल्लाहकार" भन्नाले राष्ट्रिय समन्वय परिषदले चयन गरेका सल्लाहकारलाई बुझाउने छ ।

५.२४ "क्षेत्रीय समिति" भन्नाले राष्ट्रिय समन्वय परिषदले विभिन्न राज्य, प्रान्त या क्षेत्रहरुमा आफ्नो मातहतमा रहने गरि गठन गरेका सांगठनिक संरचना भन्ने बुझाउनेछ र क्षेत्रीय समितिका मातहतमा स्थानीय या इलाका समितिहरु गठन भई क्रियाशील हुन सक्नेछन् ।

५.२५ "मानार्थ सदस्य" भन्नाले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदले राष्ट्रिय समन्वय परिषदको सिफारिसमा चयन गरिएको संघको मानार्थ सदस्यलाई बुझाउनेछ ।

५.२६ "सम्बद्ध सदस्य" भन्नाले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदले राष्ट्रिय समन्वय परिषद पोर्चुगलको शिफारिसमा चयन गरिएको संघको सम्बद्ध सदस्यलाई बुझाउनेछ ।

५.२७ "साधारण सदस्य" भन्नाले दुई वर्षभन्दा बढि दक्षिण एशियाली मूलुक बाहेकका अन्य मूलुकहरुमा बसोवास गरि रहेका नेपाली नागरिक वा नेपाली मूलका विदेशी नागरिकहरुलाई बुझाउनेछ ।

५.२८ "पञ्जिकृत सदस्य" भन्नाले साधारण सदस्यले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके बमोजिमको सदस्यता शुल्क बुझाई रीतिपूर्वक राष्ट्रिय समन्वय परिषदले सदस्यता प्रदान गरेको सदस्यलाई बुझाउनेछ ।

५.२९ "प्रारम्भिक सदस्य" भन्नाले दुई वर्षभन्दा कम दक्षिण एशियाली मूलुक बाहेकका अन्य मुलुकहरुमा बसोवास गरि रहेका नेपाली नागरिक वा नेपाली मुलका विदेशी नागरिकहरुलाई बुझाउनेछ ।

५.३० "जुनियर सदस्य" भन्नाले १८ वर्ष उमेर पुरा नभएका गैरआवासीय नेपालीका सन्तानलाई जनाउने छ ।
"दर्ता शुल्क" भन्नाले गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषदले राष्ट्रिय महाधिवेशन वा अधिवेशन वा विभिन्न भेला तथा सेमिनारहरुमा सहभागिताका लागि तोकेको शुल्कलाई बुझाउने छ ।

५.३१ "सदस्यता शुल्क" भन्नाले राष्ट्रिय समन्वय परिषदले परिषदका पदाधिकारी, सदस्यहरु, पञ्जिकृत सदस्यहरु वा साधारण सदस्यहरुका लागि तोकिएको शुल्कलाई बुझाउनेछ ।

५.३२ "युवा" राष्ट्रिय महाधिवेशन सुरु भएको दिनसम्म ४० वर्ष उमेर नकाटेको व्यक्तिलाई बुझाउने छ ।

५.३३ "छाप" भन्नाले राष्ट्रिय समन्वय परिषद पोर्चुगलको छापलाई बुझाउने छ ।

५.३४ "लेटर हेड" भन्नाले राष्ट्रिय समन्वय परिषद पोर्चुगलको लेटर हेडलाई बुझाउने छ

५.३५ "एक वचन" शब्दले बहुवचनलाई समेत बुझाउने छ ।

५.३६ "पुलिंगी" शब्दले स्त्रीलिङी शब्दलाई समेत बुझाउने छ ।

५.३७ "व्यक्ति" शब्दले कानूनी वा प्राकृतिक दुवैलाई बुझाउने छ ।

## परिच्छेद ३

६. **उदेश्यहरु :-**

गैरआवासीय नेपाली संघको बृहत्तर दायरा भित्र रहि पोर्चुगलमा बस्ने नेपालीहरुलाई एकताको एउटै सूत्रमा बाँध्ने, नेपाल भित्र र बाहिर उनीहरूको कानुनी समस्या लगायतका विभिन्न उद्देश्यहरु पूर्तिका लागि समर्थन र समन्वय गर्ने तथा उनीहरुलाई नेपालको हितमा योगदानका लागि परिचालित हुन प्रेरित गर्ने संघको मुख्य उद्देश्य बमोजिम क्रियाशील रहनु नै गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद पोर्चुगलको उद्देश्य रहनेछ । यी उद्देश्यहरु प्राप्त गर्नका लागि गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद पोर्चुगलले देहाय बमोजिमका कार्यहरु गर्नेछ ।

६.१. पोर्चुगलमा बस्ने नेपालीहरुको हितलाई आफ्नो परम कर्तव्य मान्ने तथा आफ्नो परिवारको सदस्य सम्झेर उनीहरुको दुःख सुखमा संधै साथ रहने र सहयोग गर्नका निम्ति हरपल हरक्षण कटिबद्ध र प्रतिबद्ध रहने ।

६.२. पोर्चुगलमा रहेका गैरआवासीय नेपालीको पुँजी र मानव संशाधनलाई नेपालको चौतर्फि विकासमा लगानी गर्न नेपाल सरकार र नेपाली उद्यमीहरुसंग साझेदारी स्थापना गर्ने र त्यसको विकास गर्ने ।

६.३. पोर्चुगलमा नेपाली संस्कृति र पर्यटनको प्रवर्द्धन गर्ने ।

६.४. पोर्चुगल भित्र रहेका विभिन्न लगानी गर्ने व्यक्ति वा संस्थाहरुलाई नेपालमा लगानी आकर्षित गर्नका लागि उत्प्रेरकको रुपमा कार्य गर्ने ।

६.५ अन्तर्राष्ट्रिय समन्वय परिषदका नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने ।

६.६ विदेशी प्रत्यक्ष लगानीलाई नेपालभित्र आकर्षित गर्नका लागि उत्प्रेरकको रुपमा कार्य गर्ने ।

६.७ पोर्चुगलमा रहेका नेपाली संघ संस्थाहरु संग समन्वय गरि गैरआवासीय नेपाली संघलाई सबै नेपालीको साझा संस्थाको रुपमा विकसित गर्ने । नेपालको हितमा कार्यरत गैरसरकारी संस्थाहरु सँग सहकार्य गर्ने ।

६.९ नयाँ पुस्ताका गैरआवासीय नेपालीहरुलाई नेपालको सामिप्य र अटुट सम्बन्धमा राख्न विभिन्न गतिविधि गर्ने ।

## परिच्छेद - ४

७. **सदस्यता** :- संघको विधान बमोजिम संघका सदस्यता देहाय बमोजिम पाँच प्रकारका हुनेछन् ।

७.१. **साधारण सदस्य** :- दक्षिण एशिया बाहेक विदेशी भूमिमा दुई वर्षभन्दा भन्दा बढी बसोवास गर्ने नेपाली नागरिक वा नेपाली मूलका विदेशी नागरिक संघका साधारण सदस्य बन्न योग्य हुनेछन् ।

७.२. **पञ्जिकृत सदस्य** :- साधारण सदस्य बन्न योग्य व्यक्तिले तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्ने व्यक्तिहरु पञ्जिकृत सदस्य हुनेछन् । पञ्जिकृत सदस्यलाई नै साधारण सदस्य पनि भनिनेछ ।

७.३. **सम्बद्ध सदस्य** :- नेपाललाई सहयोग र प्रवर्द्धन गर्न चाहने गैरनेपाली मूलको व्यक्ति वा संस्था संघको सम्वद्ध सदस्य हुनेछ । यस्ता सदस्यहरुले संघको विश्व सम्मेलन, साधारण सभा र संघको सबै क्रियाकलापहरुमा भाग लिन पाउनेछन् । तर यस्ता सदस्यहरुलाई राष्ट्रिय समन्वय परिषद वा अन्तर्राष्ट्रिय समन्वय परिषदको कुनै निर्वाचित हुने पदको लागि उम्मेदवार हुन र मतदान गर्न पाउने अधिकार हुने छैन ।

७.४. **मानार्थ सदस्य** :- पोर्चुगलमा रहेका गैरआवासीय नेपालीको हकहित संरक्षणमा तथा नेपालको विकासमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरुलाई मानार्थ सदस्यताका लागि राष्ट्रिय समन्वय परिषद पोर्चुगलको सिफारिसमा अन्तराष्ट्रिय समन्वय परिषदले मानार्थ सदस्य प्रदान गर्नेछ । यस्ता सदस्यहरुलाई संघको कुनै पनि निर्वाचनमा मतदान गर्ने र उम्मेदवार हुने अधिकार हुनेछैन ।

७.५. **जुनियर सदस्य** :- पोर्चुगलमा रहेका दोश्रो पुस्ताका गैरआवासीय नेपालीहरुलाई गैरआवासीय अभियान प्रति अविछिन्न लगाव रहन र आर्कषण गर्न १८ वर्ष उमेर पुरा नभएका गैरआवासीय नेपालीका सन्तानलाई जुनियर सदस्यता प्रदान गरिनेछ । जुनियर सदस्यहरुले संघको सबै तहका क्रियाकलापमा पर्यवेक्षकको रुपमा भाग लिन पाउने छन् । युवा संयोजक मार्फत जुनियर सदस्यहरुको लागि विभिन्न क्रियाकलापको आयोजना गरिने छ ।

## ८. सदस्यताको लागि योग्यता :

माथिको दफा ७ मा उल्लेख भएका सदस्य बन्नको लागि १८ वर्ष उमेर पुरा भएको हुनु पर्ने छ ।

## ९. सदस्यताको अवधि :

सदस्यताको अवधि जारी भएको मितिवाट मताधिकार सहित २ बर्षको हुनेछ भने त्यसपछिको महाधिवेशन अगावै स्वतः खारेज हुनेछ ।

## १०. सदस्यता शुल्क र सदस्यको विवरण :-

१०.१ गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद पोर्चुगलले गैरआवासीय नेपाली संघको विधानको धारा ९.२ बमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके बमोजिमको सदस्यता शुल्क लिइ रीतिपूर्वक पञ्जिकृत सदस्यता जारी गर्नेछ ।

१०.२. अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेको पञ्जिकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषदको कोष मानिने छ ।

१०.३. राष्ट्रिय समन्वय परिषदले आवश्यक ठानेमा शीर्षक तोकि अतिरिक्त शुल्क लिन सक्नेछ, तर यो अतिरिक्त शुल्क स्वेच्छिक हुनेछ र अतिरिक्त शुल्क नतिर्दा कुनै पनि साधरण एनआरएनहरुलाई संघमा दर्ता हुन (पञ्जिकृत सदस्य बन्न) बाट बञ्चित गर्न पाईने छैन । यसरी तोकिएको अतिरिक्त शुल्क राष्ट्रिय समन्वय परिषदको कोषमा रहनेछ ।

१०.४ राष्ट्रिय समन्वय परिषदले पञ्जिकृत सदस्यहरुको विवरण र तोकेको शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेको समय भित्र सचिवालयमा पठाउनु पर्ने छ ।

## ११. सदस्यताको समाप्ति एवं सदस्यहरुको अधिकार र उत्तरदायित्वहरु :-

११.१. प्रत्येक सदस्यहरुको अधिकार र उत्तरदायित्व व्यक्तिगत हुनेछ र अन्य व्यक्तिमा हस्तान्तरण योग्य हुनेछैन ।

११.२. यस विधान, गैरआवासीय नेपाली संघको विधान र राष्ट्रिय समन्वय परिषदका अन्य निर्णयहरुको पालना गर्नु र संघको उद्देश्यहरु प्राप्तिका लागि आफ्नो अधिकतम सामर्थ्यको प्रयोग गर्नु हरेक सदस्यहरुको उत्तरदायित्व हुनेछ ।

११.३. पञ्जिकृत सदस्यहरुलाई राष्ट्रिय महाधिवेशन र अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिन पाउने तथा मतदान गर्ने हक हुनेछ । तर उनीहरुलाई अन्तर्राष्ट्रिय समन्वय परिषदको कुनै पनि पद र राष्ट्रिय समन्वय परिषदको अध्यक्ष, वरिष्ठ उपाध्याक्ष, महासचिव र कोषाध्याक्ष पद बाहेक अन्य राष्ट्रिय समन्वय परिषदका निर्वाचित हुने पदमा उम्मेदवार हुन पाउने हक हुनेछ । राष्ट्रिय समन्वय परिषदको अध्यक्ष, वरिष्ठ उपाध्याक्ष, महासचिव र कोषाध्याक्ष पदमा उम्मेदवार बन्न निज राष्ट्रिय समन्वय परिषद वा अन्तर्राष्ट्रिय समन्वय परिषदको कार्यकारी सदस्य वा पदाधिकारी भई एक कार्यकाल काम गरेको हुनुपर्ने छ ।

११.४. साधारण, सम्बद्ध र मानार्थ सदस्यहरुलाई राष्ट्रिय महाधिवेशन, विश्व सम्मेलन र अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिने हक हुनेछ । तर उनीहरुलाई संघको कुनै पनि पदको निर्वाचनको लागि उम्मेदवारमा खडा हुन एवं निर्वाचनमा मतदान गर्ने हक भने हुने छैन ।

११.५. कुनै पनि सदस्यहरुले लिखित रुपमा अग्रिम एक महिनाको सूचना राष्ट्रिय समन्वय परिषद पोर्चुगलको अध्यक्षलाई दिएर संघको सदस्यता परित्याग गर्नको लागि निवेदन गर्न सक्नेछ । निवेदन स्वीकृत भएमा राष्ट्रिय समन्वय परिषद पोर्चुगलले तोकेको मितिबाट निजको संघको सदस्यता अन्त्य हुनेछ ।

# परिच्छेद ५

## १२. राष्ट्रिय समन्वय परिषद :

१२.१. यो विधानको वृहत संरचना भित्र रहेर आफू बसोबास गर्ने मुलुकको स्थानीय कानुन बमोजिम राष्ट्रिय समन्वय परिषदको दर्ता गरिनेछ ।

१२.२. राष्ट्रिय महाधिवेशनबाट पारित नीति र कार्यक्रमहरुलाई कार्यान्वयन गर्नको लागि परिषदको राष्ट्रिय समन्वय परिषद नामक एक कार्यकारी अंग हुनेछ ।

१२.३ **राष्ट्रिय समन्वय परिषद गठन** : राष्ट्रिय समन्वय परिषदको गठन देहाय बमोजिमको हुनुपर्ने छ :

राष्ट्रिय समन्वय परिषद पोर्चुगलको पदाधिकारी, सदस्य तथा कार्यसमिति देहाय बमोजिमको हुनेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| वरिष्ठ उपाध्यक्ष | १ |
| उपाध्यक्ष | ४ (महिला उम्मेद्वार मात्र रहने गरि एक महिला उपाध्यक्ष अनिवार्य रहनेछ ।) |
| महासचिव | १ |
| सचिव | ३ |
| कोषाध्यक्ष | १ |
| प्रवक्ता | १ |
| सह-कोषाध्यक्ष | १ |
| महिला संयोजक | १ |
| युवा संयोजक | १ |
| निर्वाचित सदस्य बढिमा : | १५जना सम्म । |

मनोनित सदस्य : निर्वाचित सदस्य संख्याको बढिमा एक चौथाई सदस्य मनोनित गर्न सकिने छ ।

१२.४ राष्ट्रिय समन्वय परिषदले चालु काम कारवाहीका सम्बन्धमा परिषदको दृष्टिकोण तथा धारणाहरु सार्वजनिक रुपले अभिव्यक्त गर्न कार्यसमितिका पदाधिकारीहरु तथा सदस्यहरु मध्य बाट एक जना प्रवक्ता चयन गरिनेछ ।

१२.५. राष्ट्रिय समन्वय परिषदको कार्यकारी समितिको पदावधि २ वर्षको हुनेछ । तर कुनै कारणवश परिषदका पदाधिकारी तथा सदस्यहरुले पूर्ण कार्यकाल भन्दा अगावै राजीनामा दिएमा उक्त कार्यकाल पूर्ण मानिने छैन ।

## १३. राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरु र कार्यकारी सदस्यहरुको काम, कर्तव्य र अधिकारहरु :

### १३.१. अध्यक्ष :

१३.१.१ राष्ट्रिय समन्वय परिषदको प्रमुखका हैसियतले कार्य गर्ने ।

१३.१.२ राष्ट्रिय समन्वय परिषदका नियमित बैठकहरुको, वार्षिक अधिवेशन र राष्ट्रिय महाधिवेशनको खुला सत्रको अध्यक्षता गर्ने ।

१३.१.३ कुनै विषयमा मत बराबर भएमा आफ्नो निर्णायक मत प्रयोग गर्ने

१३.१.४ राष्ट्रिय समन्वय परिषदका पदाधिकारी तथा सदस्यहरुलाई जिम्मेवारी तोक्ने

१३.१.५ विभिन्न विभागहरु, समितिहरुको प्रमुखहरु, क्षेत्रीय संयोजकहरु मार्फत सम्बन्धित क्षेत्रको आवधिक कार्य विवरण तथा समसामयिक गतिविधिको जानकारी लिने र आवश्यक नीति निर्देशन गर्ने ।

१३.१.६ अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य समक्ष राष्ट्रिय समन्वय परिषदका गतिविधिहरु पेश गर्न महासचिवलाई निर्देशन दिने ।

१३.१.७ बैठक बोलाउन महासचिवलाई निर्देशन दिने ।

१३.१.८ अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिने

१३.१.९ राष्ट्रिय समन्वय परिषदले तोकेको अन्य काम कर्तव्य पुरा गर्ने ।

१३.१.१० राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

### १३.२. वरिष्ठ उपाध्यक्ष

१३.२.१ राष्ट्रिय समन्वय परिषदको नेतृत्वका लागि आवश्यक्ता अनुसार अध्यक्षलाई सहयोग गर्ने ।

१३.२.२ अध्यक्षको अनुपस्थितिमा अध्यक्षले वा राष्ट्रिय समन्वय परिषदले तोके बमोजिमका कार्यहरु गर्ने

१३.२.३ तोकिएका अन्य कार्यहरु गर्ने ।

१३.२.४ राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

### १३.३. उपाध्यक्ष/महिला उपाध्यक्ष :

१३.३.१ राष्ट्रिय समन्वय परिषदको नेतृत्वका लागि आवश्यकता अनुसार अध्यक्षलाई सहयोग गर्ने ।

१३.३.२ अध्यक्ष र वरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा अध्यक्ष वा वरिष्ठ उपाध्यक्ष वा राष्ट्रिय समन्वय परिषदले तोके बमोजिमका कार्यहरु गर्ने

१३.३.३ तोकिएका अन्य कार्यहरु गर्ने ।

१३.३.४ राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

१३.४. **महासचिव**

१३.४.१ राष्ट्रिय समन्वय परिषदको सम्पूर्ण क्रियाकलापहरुलाई समन्वय र सन्चालन गर्ने ।

१३.४.२ राष्ट्रिय महाधिवेशन वा राष्ट्रिय समन्वय परिषदका बैठकहरुको सन्चालन गर्ने र बैठकका निर्णयहरु माइन्यूट गर्ने

१३.४.३ राष्ट्रिय समन्वय परिषदका गतिविधिहरुको अभिलेख राख्ने र क्षेत्रीय संयोजकहरु बाट रिपोर्ट लिने, पत्राचार गर्ने र सो प्रतिवेदन प्रत्येक ६/६ महिनामा आफ्नो मुलुक बाट प्रतिनिधित्व गर्ने आईसिसी सदस्यलाई उपलब्ध गराउने ।

१३.४.४ सांगठानिक प्रगति प्रतिवेदन, वार्षिक राष्ट्रिय अधिवेशन र राष्ट्रिय महाधिवेशनमा पेश गर्न तयार गरि एक महिना पहिले कार्यसमितिका सम्पूर्ण सदस्यहरु र आफ्नो मुलुकको आइसिसि प्रतिनिधिलाई पठाउने ।

१३.४.५ अध्यक्षको निर्देशन बमोजिम बैठक बोलाउने तथा बैठकका एजेण्डाहरु अध्यक्षको परामर्शमा तय गरि बैठकमा पेश गर्ने ।

१३.४.६ राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने ।

१३.४.७ राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

१३.५. **सचिव :**

१३.५.१आवश्यकता अनुसार महासचिवलाई सहयोग गर्ने ।

१३.५.२.महासचिवको अनुपस्थितिमा निजले तोके बमोजिमका कार्यहरु गर्ने ।

१३.५.३.तोकिएका अन्य कार्यहरु गर्ने ।

१३.५.४ राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

१३.६. **कोषाध्यक्ष :**

१३.६.१. राष्ट्रिय समन्वय परिषदको कोष प्राप्त गर्ने र जिम्मामा लिने ।

१३.६.२. राष्ट्रिय समन्वय परिषद्ले संकलन गरेको पन्जिकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेको मिति बमोजिम पठाउने ।

१३.६.३ राष्ट्रिय समन्वय परिषद पोर्चुगलको कोष अभिबृद्धिका लागि विभिन्न उपायहरुको प्रस्ताव गर्ने

१३.६.४ राष्ट्रिय महाधिवेशन र राष्ट्रिय समन्वय परिषद्ले तय गरेका विविध कार्यक्रमहरुका लागि आवश्यक रकम तथा परियोजनाका लागि श्रोत साधनको परिचालन सम्बन्धी विवरण तयार गरि प्रस्ताव गर्ने ।

१३.६.५ राष्ट्रिय महाधिवेशनमा वा राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा राष्ट्रिय समन्वय परिषदले पारित गरेका कार्यक्रमहरुको आधारमा अनुमानित बजेट तयार गरि प्रस्तुत गर्ने ।

१३.६.६ राष्ट्रिय समन्वय परिषदको कोष व्यवस्थापन र अभिलेख रखाइमा अन्तर्राष्ट्रिय समन्वय परिषदसंग एक रुपता कायम गर्न आवश्यक सहयोग लिने ।

१३.६.७ अर्ध वार्षिक लेखा विवरण सम्पूर्ण राष्ट्रिय समन्वय परिषदका पदाधिकारी सदस्यहरुलाई तथा अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषदमा पठाउने ।

१३.६.८ राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने कोषाध्यक्षको आर्थिक प्रतिवेदन राष्ट्रिय महाधिवेशन सम्पन्न हुन एक महिना अगावै राष्ट्रिय समन्वय परिषदका पदाधिकारी तथा सदस्यहरुलाई पठाउने ।

१३.६.९ विधानमा तोकिएका अन्य कार्यहरु गर्ने ।

१३.६.१० राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

१३.७. **सह- कोषाध्यक्ष**

१३.७.१ आवश्यकता अनुसार कोषाध्यक्षलाई सहयोग गर्ने ।

१३.७.२ कोषाध्यक्षको अनुपस्थितिमा निजले तोके बमोजिमका कार्यहरु गर्ने ।

१३.७.३ कार्य समितिले तोकिएका अन्य कार्यहरु गर्ने ।

१३.७.४ राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

१३.८. **प्रवक्ता :**

१३.८.१ राष्ट्रिय समन्वय परिषदको काम कारवाहीका सम्बन्धमा परिषदको दृष्टिकोण सार्वजनिक गर्ने ।

१३.८.२ राष्ट्रिय समन्वय परिषद र सञ्चार माध्यम बीच समन्वय गर्ने ।

१३.८.३ परिषदको गतिविधि बारे समय समयमा विभिन्न माध्यमबाट सूचना प्रवाह गर्ने ।

१३.८.४ अध्यक्ष तथा राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने ।

१३.८.५ राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

१३.९. **महिला संयोजक :**

१३.९.१ आफ्नो मुलुक भित्र रहेका गैरआवासीय नेपाली महिलाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितका लागि उनीहरुको सामूहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न सञ्जाल विस्तार गर्ने कामको संयोजन गर्ने ।

१३.९.२ आफ्नो मुलुक भित्र महिलाहरुको सरोकारका विषय सम्बन्धी क्रियाकलापहरु संचालन गर्ने, बैठक तथा भेलाहरु संचालन गर्ने । महिलाहरुको स्वावलम्बन, सशक्तिकरण, तालिम, प्रशिक्षणको आयोजना गर्ने ।

१३.९.३ राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा भाग लिने, अन्तर्राष्ट्रिय समन्वय परिषद समक्ष महिला गतिविधि सम्बन्धित आवधिक विवरण प्रस्तुत गर्ने ।

१३.९.४ महिला संयोजकको अध्यक्षतामा आफ्नो मुलुक भित्र महिलाहरुको संजाल स्थापना गर्ने ।

१३.९.५ राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने ।

१३.९.६ राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

१३.१०. **युवा संयोजक :**

१३.१०.१ आफ्नो मुलुक भित्र रहेका गैरआवासीय नेपाली युवाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितका लागि युवाहरुको सामुहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न सञ्जाल विस्तार गर्ने कामको संयोजन गर्ने ।

१३.१०.२ युवासंग सम्बन्धित विभिन्न कार्यक्रमहरु तय गर्ने । नयाँ पुस्ताका गैरआवासीय नेपालीहरु खास गरि १८ वर्ष मुनिका गैरआवासीय नेपालीहरुलाई लक्षित गरि नेपाल र नेपाली समुदाय प्रति अविछिन्न लगाव र आकर्षण कायम गर्ने एक संजाल बनाई विभिन्न कार्यक्रमहरु संचालन गर्ने गराउने ।

१३.१०.३ राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा भाग लिने, अन्तर्राष्ट्रिय समन्वय परिषद समक्ष युवा गतिविधिहरुको आवधिक विवरण प्रस्तुत गर्ने ।

१३.१०.४ आवश्यकता अनुसार युवा संयोजकको अध्यक्षतामा आफ्नो मुलुकभित्र युवाहरुको संजाल स्थापना गर्ने ।

१३.१०.५ राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने ।

१३.१०.६ राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

१३.११. **निर्वाचित तथा मनोनित सदस्यः**

१३.११.१ राष्ट्रिय समन्वय परिषद सदस्यले राष्ट्रिय समन्वय परिषदबाट सञ्चालित विविध कार्यक्रमहरु एवं दिइएका निर्देशनहरुको पालना र कार्यान्वयनका लागि क्रियाशील रहने ।

१३.११.२ राष्ट्रिय समन्वय परिषदको निर्देशन बमोजिमका कार्यहरु गर्ने ।

१३.११.३ राष्ट्रिय समन्वय परिषदमा सम्पन्न गर्न सकिने विविध कार्यक्रमहरु, परियोजनाहरु तयार गरि बैठकमा संयोजक मार्फत छलफलका लागि पेश गर्ने ।

१३.११.४ राष्ट्रिय समन्वय परिषदको बैठकमा भाग लिने ।

१३.११.५ अन्तर्राष्ट्रिय समन्वय परिषदले आयोजना गर्ने विविध गतिविधिहरु सफल पार्न क्रियाशील रहने ।

१३.११.६. अन्तर्राष्ट्रिय समन्वय परिषद तथा राष्ट्रिय समन्वय परिषदबाट पारित निर्णयहरु कार्यान्वयन गर्ने ।

१३.११.७ तोकिएका अन्य कामहरु गर्ने

## १४. राष्ट्रिय समन्वय परिषदको काम, कर्तव्य र अधिकार

१४.१. राष्ट्रिय समन्वय परिषदले संघको पञ्जिकृत सदस्यता जारी गर्नेछ ।

१४.२. राष्ट्रिय समन्वय परिषदको बेठकले आफ्नो कार्य सम्पादन चुस्त दुरुस्त गराउनको लागि राष्ट्रिय कार्यकारी सचिवालय गठन गर्नेछ ।

**१४.२.१. राष्ट्रिय कार्यकारी सचिवालयको गठन प्रकृया, काम, कर्तव्य र अधिकार**

क) राष्ट्रिय समन्वय परिषदका कामहरुलाई छिटो छरितो सम्पन्न गर्न नौ सदस्यीय एक राष्ट्रिय कार्यकारी सचिवालय हुनेछ ।

ख) राष्ट्रिय कार्यकारी सचिवालयमा अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिवहरु, कोषाध्यक्ष, प्रवक्ता, सह-कोषाध्यक्ष, महिला संयोजक र युवा संयोजक मध्यबाट रहनेछन् ।

ग) हरेक महिनाको पहिलो आईतवार हुने राष्ट्रिय समन्वय परिषदको नियमित बैठक बाहेक तत्काल पूर्ण बैठक बस्न सम्भव नभएको तर कुनै निर्णय गर्न आवश्यक परेको अवस्थामा राष्ट्रिय कार्यकारी सचिवालयले राष्ट्रिय अधिवेशनबाट प्राप्त म्याण्डेट बमोजिम निर्णयहरु गर्न र सोको कार्यान्वयन गर्न सक्नेछ । राष्ट्रिय कार्यकारी सचिवालयका निर्णयहरु राष्ट्रिय समन्वय परिषदको निर्णयहरु सरह हुनेछन् । तर त्यस्ता निर्णयहरु लगतै आउने अर्को महिनाको पहिलो आईतवारको पूर्ण बैठकमा अनुमोदन गराउनु पर्नेछ । राष्ट्रिय समन्वय परिषदको पूर्ण बैठकमा अनुमोदन हुन नसकेको विषयको हकमा भने राष्ट्रिय समन्वय परिषदको पूर्ण बैठकको निर्णय बमोजिम हुनेछ ।

१४.३. राष्ट्रिय समन्वय परिषदले गैरआवासीय नेपाली संघको विधानको वृहत संरचना भित्र रहि क्षेत्रीय वा शाखा

समितिहरु गठन गर्ने, विघटन गर्ने र तिनीहरुलाई निर्देशन जारी गर्नेछ ।

१४.४. राष्ट्रिय समन्वय परिषद पोर्चुगलले संघको भावना विपरित कार्य गर्ने वा संघ वा राष्ट्रिय समन्वय परिषदको विधानको उल्लंघन गर्ने परिषदको कुनै पनि सदस्यलाई सदस्यताबाट निलम्बन वा निष्काशन गर्नेछ । यस प्रकार निष्काशन वा निलम्बन गरिएको व्यक्तिलाई उचित सुनवाइको अवसर दिइनेछ र राष्ट्रिय समन्वय परिषद पोर्चुगलको निर्णय उपर निर्णय भएको मितिले ३० दिन भित्र सम्बन्धित सदस्यले अन्तर्राष्ट्रिय समन्वय परिषदमा उजुरी गर्न सक्ने छन् र अन्तर्राष्ट्रिय समन्वय परिषदको निर्णय अन्तिम हुनेछ ।

१४.५. राष्ट्रिय समन्वय परिषदले आफुले सञ्चालन गरेका सम्पूर्ण क्रियाकलापहरुको अर्ध वार्षिक विवरण अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्य मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषदका क्षेत्रीय संयोजक समक्ष पेश गर्नु पर्नेछ ।

१४.६. राष्ट्रिय समन्वय परिषदले राष्ट्रिय महाधिवेशन वा विभिन्न कार्यक्रमका लागि आवश्यक परेमा दर्ता शुल्क तोक्न सक्नेछ ।

१४.७. राष्ट्रिय समन्वय परिषदले पञ्जिकृत सदस्यता विवरण र सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके बमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषदमा पठाउनु पर्नेछ ।

१४.८. राष्ट्रिय समन्वय परिषदले संघको अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनमा उपस्थित हुनका लागि दर्ता भएका पञ्जिकृत सदस्यहरुको अभिलेख कायम गर्ने र दर्ता विवरण अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेको समयमा संघको सचिवालयमा पठाउनु पर्नेछ ।

१४.९. राष्ट्रिय समन्वय परिषदले आवश्यक्तानुसार गैरआवासीय नेपाली संघको उदेश्य प्राप्तिका लागि राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरका विविध कार्यक्रमहरु आयोजना गर्नेछ ।
राष्ट्रिय समन्वय परिषद्ले आवश्यकता अनुसार निर्वाचित तथा मनोनित कार्यसमितिका सदस्यहरु बाट आवश्यक लेबी तोकि मासिक रुपमा उठाउन सक्नेछ ।

१४.१० राष्ट्रिय समन्वय परिषदले समग्र नेपाली समुदायमा भईपरि आउने (आकस्मिक र अकल्पनीय घटना जस्ता) समस्याहरुमा नेपाल सरकारको सम्बन्धित निकायहरु संग मिलि आपसी समझदारी, सहकार्य र समन्वयमा रहि काम गर्नेछ ।

१४.११ कतिपय भाषागत, कागजी व्यवधान र व्यवहारिक समस्याहरुलाई सरल, सहज र बढी प्रभावकारी बनाउन पोर्चुगल सरकारका सम्बन्धित सरकारी, स्थानीय निकाय र अन्य संघ संस्थाहरु संगको समन्वयमा काम गर्न सक्नेछ ।

## १५ राष्ट्रिय समन्वय परिषदको बैठक

१५.१ राष्ट्रिय समन्वय परिषदको बैठक हरेक महिनाको पहिलो आईतवार हुनेछ ।

१५.२ राष्ट्रिय समन्वय परिषद बैठकमा परिषदका सम्पूर्ण पदाधिकारी र सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ तर अत्यावश्यक काम वा वाध्यात्मक परिस्थिति परेको खण्डमा परिषदमा पूर्व लिखित जानकारी गराउनु पर्नेछ ।

१५.३ लगातार २ बैठकमा अनुपस्थित रहेमा परिषदको बैठक बसी स्पष्टीकरण सोध्न सक्नेछ । स्पष्टीकरणमा चित्त बुझ्दो जवाफ नआएमा परिषदको बहुमत सदस्य संख्याको निर्णय बमोजिम निजको पद निलम्बन हुनेछ ।

१५.४ राष्ट्रिय समन्वय परिषदको बैठकको निर्णय, निर्णय भएको अर्को दिन (भोलि पल्ट) संरक्षक परिषदमा पेश गर्नु पर्नेछ ।

१५.५ राष्ट्रिय समन्वय परिषदको बैठकको निर्णयहरु, संरक्षक परिषदमा पेश गरेको दिन आफ्नो आधिकारिक वेवसाईट वा सामाजिक संजाल मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

१५.६ बैठकमा अन्तर्राष्ट्रिय समन्वय परिषदको सदस्यको सहभागिता रहनु पर्नेछ ।

१५.७ बैठकमा आफ्नो मुलुकबाट प्रतिनिधित्व गरेका आइसिसीका पदाधिकारी तथा सदस्यहरुलाई अनिवार्य पर्यवेक्षकको रुपमा निमन्त्रणा गर्नु पर्नेछ । यस्ता पदाधिकारी तथा सदस्यहरुको मत अधिकार भने हुने छैन् ।

# परिच्छेद ६

## १६. राष्ट्रिय महाधिवेशन

प्रत्येक २ वर्षमा कम्तिमा एक पटक राष्ट्रिय समन्वय परिषद पोर्चुगलको राष्ट्रिय महाधिवेशन गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न हुने मिति बढिमा ६ महिना र कम्तिमा १ महिना बांकी रहने गरि सम्पन्न गर्नु पर्नेछ । सोही राष्ट्रिय महाधिवेशनले नै अन्तर्राष्ट्रिय समन्वय परिषदकालागि देशको प्रतिनिधित्व गर्ने सदस्यको निर्वाचन गर्नेछ ।

१६.१ **राष्ट्रिय महाधिवेशनका कार्यहरु देहाय बमोजिम हुनेछ :**

१६.१.१ राष्ट्रिय समन्वय परिषदको कार्यकारी समितिबाट सञ्चालित क्रियाकलापहरुलाई मूल्यांकन गर्ने र राष्ट्रिय समन्वय परिषदलाई निर्देशन दिने ।

१६.१.२ राष्ट्रिय समन्वय परिषदको कार्यकारी समितिको निर्वाचन गर्ने ।
१६.१.३ गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय समन्वय परिषदमा प्रतिनिधि चयन गर्ने ।
१६.१.४ संघको उद्देश्य प्राप्तिको लागि राष्ट्रिय स्तरमा आवश्यक नीतिहरु तय गर्ने ।
१६.१.५ आवश्यक्तानुसार राष्ट्रिय समन्वय परिषदको यस विधानको संशोधन गर्ने ।
१६.१.६ गैरआवासीय नेपाली संघको नीति तथा कार्यक्रमहरुलाई राष्ट्रिय स्तरमा निर्माण, विकास र कार्यान्वयनका लागि तर्जुमा गर्ने ।
१६.१.७ राष्ट्रिय समन्वय परिषद अन्तर्गतका विभिन्न विभागहरु, समितिहरुका प्रतिवेदनहरुलाई अनुमोदन गर्ने ।
१६.१.८ राष्ट्रिय समन्वय परिषदका महासचिवको सांगठानिक प्रतिवेदन तथा कोषाध्यक्षको आर्थिक प्रतिवेदन पारित गर्ने ।

१६.२. राष्ट्रिय महाधिवेशनमा राष्ट्रिय समन्वय परिषदले पञ्जिकृत सदस्यता प्रदान गरेका पञ्जिकृत सदस्यहरु, राष्ट्रिय समन्वय परिषदका पदाधिकारी तथा सदस्यहरु, मानार्थ र सम्बद्ध सदस्हरु, अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी तथा सदस्यहरु राष्ट्रिय महाधिवेशनमा सहभागी बन्न पाउने छन् । राष्ट्रिय समन्वय परिषदका मानार्थ र सम्बद्ध सदस्यहरु, अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी तथा सदस्यहरुले पर्यवेक्षकको रुपमा मात्र भाग लिन पाउने छन् । उनीहरुलाई मताधिकारको हक भने हुने छैन ।

## १७. विशेष राष्ट्रिय महाअधिवेशन:

राष्ट्रिय समन्वय परिषदका दुइ तिहाई बहुमत सदस्यहरुले विशेष राष्ट्रिय महाधिवेशन बोलाउन आवश्यक भएको ठानेमा अन्तर्राष्ट्रिय समन्वय परिषदको परामर्श बमोजिम विशेष राष्ट्रिय महाअधिवेशनको माग गर्न सक्नेछन् । विशेष राष्ट्रिय महाधिवेशन माग गरिएको ३ महिनाभित्र विशेष राष्ट्रिय महाधिवेशन बस्नु पर्नेछ । विशेष राष्ट्रिय महाधिवेशनको अध्यक्षता राष्ट्रिय समन्वय परिषदको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा राष्ट्रिय समन्वय परिषदको निर्णय अनुसार वरिष्ठ उपाध्यक्ष र वरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा उपाध्यक्षहरु मध्यबाट एक जनाले विशेष राष्ट्रिय महाधिवेशनको अध्यक्षता गर्नेछ । विशेष राष्ट्रिय महाधिवेशनमा धारा १६.२ बमोजिमका प्रतिनिधिहरुलाई भाग लिने हक हुनेछ । विशेष राष्ट्रिय महाधिवेशनले महाधिवेशनको माग गर्दा दिइएको निवेदनमा औंलाइएका विषयहरु उपर मात्रै छलफल तथा निर्णय गर्नेछ ।

### १७.१. साधरण सभा र यसको काम, कर्तव्य र अधिकार

- हरेक एक वर्षमा एक पटक साधारण सभा गरिने छ ।
- यस परिषदको पंजिकृत सदस्यता प्राप्त गरेका सबैलाई साधारण सदस्य मानिनेछ ।
- कार्य प्रगति विवरण तथा आर्थिक प्रतिवेदन पारित गर्ने ।
- कार्यसमितीलाई आवश्यक राय सल्लाह , सुझाव र निर्देशन दिने ।

### गण पूरक संख्या :

साधारण सभाको कार्यसमितिको बैठकको गणपूरक संख्या पहिलो पटकमा ५१ % प्रतिशत रहनेछ । दोश्रो बैठकमा ४१ प्रतिशत, तेश्रो पटक उपस्थितिलाई गणपूरक संख्या मानिनेछ ।

## १८. क्षेत्रीय बैठक अथवा भेला :

सम्बन्धित क्षेत्र भित्र रहेका राष्ट्रिय समन्वय परिषदहरु बीच पारस्परिक सम्बन्ध, अनुभवहरुको आदानप्रदान, समस्याहरुको निराकरण र भावी कार्ययोजना निर्माण गर्नको लागि एक क्षेत्रीय भेलाको आयोजना गरिने छ । यस भेलाको स्थान र मिति सम्बन्धित क्षेत्रमा रहेका राष्ट्रिय समन्वय परिषदहरुले तोक्ने छन् ।

# परिच्छेद ७

## १९. क्षेत्रीय समिति

### १९.१ क्षेत्रीय समितिको गठन, काम, कर्तव्य र अधिकार

१९.१.१ राष्ट्रिय समन्वय परिषदले आफ्नो मुलुकको भु-बनोट तथा गैरआवासीय नेपालीहरुको बसोवासलाई ध्यानमा राख्दै सबैको उचित सहभागिता र संघको बृहत्तर गतिविधिका लागि विभिन्न क्षेत्रीय समितिहरु गठन गर्नेछ ।
१९.१.२ क्षेत्रीय समिति राष्ट्रिय समन्वय परिषदको मातहत रहने छ ।
१९.१.३ क्षेत्रीय समितिमा एक जना अध्यक्ष र आवश्यक अन्य पदाधिकारी तथा सदस्यहरु निर्वाचित गरिने छ । क्षेत्रीय अध्यक्ष राष्ट्रिय समन्वय परिषदको पदेन सदस्य हुनेछ ।
१९.१.४ क्षेत्रीय समितिको अधिवेशन राष्ट्रिय समन्वय परिषद पोर्चुगलले तोके बमोजिम हुनेछ तर राष्ट्रिय महाधिवेशन भन्दा १(एक) महिना अगाडी अधिवेशन गरि राष्ट्रिय समन्वय परिषदलाई विवरण पठाईसक्नु पर्ने छ ।
१९.१.५ क्षेत्रीय समितिको गठन गर्ने वा विघठन गर्ने वा समितिको पदावधि तोक्ने अधिकार राष्ट्रिय समन्वय

परिषदलाई हुनेछ । तर पदावधि तोक्दा राष्ट्रिय समन्वय परिषदको पदावधि भन्दा लामो हुनु हुँदैन ।

१९.१.६ क्षेत्रीय समितिको काम, कर्तव्य र अधिकार राष्ट्रिय समन्वय परिषदले तोके बमोजिम हुनेछ ।

१९.१.७ आवश्यक परेमा सम्बन्धित क्षेत्रका पञ्जिकृत सदस्यहरु मध्यबाट राष्ट्रिय समन्वय परिषदले राष्ट्रिय महाधिवेशन प्रतिनिधि चयन गर्ने अधिकार क्षेत्रीय समितिलाई दिन सक्नेछ ।

१९.२ **क्षेत्रीय अध्यक्ष :**

१९.२.१ सम्बन्धित क्षेत्रको संयोजकको हैसियतले कार्य गर्ने ।

१९.२.२ आवश्यकता अनुसार क्षेत्रीय बैठक बोलाउने ।

१९.२.३ सम्बन्धित क्षेत्रको गतिविधिहरुको अर्ध वार्षिक प्रतिवेदन राष्ट्रिय समन्वय परिषद समक्ष पेश गर्ने ।

## २०. पद रिक्तता र पद पुर्ति

२०.१ राष्ट्रिय समन्वय परिषदको कार्य समिति तथा त्यस मातहत गठित विभिन्न क्षेत्रीय समितिका पदाधिकारी सदस्यहरुको देहायको अवस्थामा पद रिक्त हुनेछ ।

२०.१.१ यस विधान अनुरुप गैरआवासीय नेपालीको हैसियत समाप्त भएमा

२०.१.२ निजले रीतिपूर्वक राजीनामा गरि सम्बन्धित समितिले राजीनामा स्वीकृत गरेमा

२०.१.३ व्यक्तिगत कारणले स्थायी रुपमा पोर्चुगल बाहिर जानु परेमा

२०.१.४ बैठकको सुचना प्राप्त गरेको ठोस प्रमाण रहेको तर विना सुचना हरेक महिनाको पहिलो आईतवार हुने बैठकमा लगातार तीन पटक अनुपस्थित भएमा वा लगातार विना सुचना ३ महिना सम्म तोकिएको लेवी नतिरेमा ।

२०.१.५ निजको मृत्यू भएमा ।

२०.१.६ संस्थाको अहित हुने गतिविधिमा लागि राष्ट्रिय समन्वय परिषदले कारवाही गरि सो कारवाही अन्तर्राष्ट्रिय समन्वय परिषदबाट पनि सदर भएमा निज वहाल रहेको पद रिक्त हुनेछ ।

२०.१.७ यो विधानको धारा २०.१ बमोजिम रिक्त हुन आएको पदमा देहाय बमोजिम पद पूर्ति गरिनेछ ।

२०.१.८ राष्ट्रिय समन्वय परिषदका पदाधिकारी सदस्यहरुको हकमा राष्ट्रिय समन्वय परिषदले र क्षेत्रीय समितिका पदाधिकारी वा सदस्यको हकमा क्षेत्रीय समितिले बाँकी अवधि सम्मका लागि पद पूर्ति गर्नेछ ।

# परिच्छेद - ८

## २१. संरक्षक परिषद :

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद पोर्चुगलमा रहि योगदान गरिसकेका व्यक्तित्वहरुलाई गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद पोर्चुगलको वैधानिक दायरा भित्र रहि निरन्तर राष्ट्रिय समन्वय परिषद पोर्चुगल र गैरआवासीय नेपालीहरुको हितका लागि योगदान गर्न र राष्ट्रिय समन्वय परिषदको स्वरुपलाई मजबुत पार्दै मुलुक भित्र रहेका गैरआवासीय नेपालीहरुको एकताका लागि योगदान गर्न एक प्रमुख संरक्षक सहित बढिमा पाँच जना संरक्षक रहेको संरक्षक परिषदको व्यवस्था हुनेछ । संरक्षक परिषद सदस्यहरुको चयन राष्ट्रिय समन्वय परिषदले दुई वर्षका लागि गर्नेछ ।

२१.१. **संरक्षक परिषदको अधिकार :**

२१.१.१ राष्ट्रिय समन्वय परिषदको हरेक तहका गतिविधिहरुमा सरिक हुन पाउने ।

२१.१.२. राष्ट्रिय समन्वय परिषदको हरेक सुचनाहरु प्राप्त गर्न पाउने ।

२१.१.३ राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा भाग लिन पाउने तर मतदान गर्न नपाउने र कोरमका लागि गणना नहुने ।

२१.१.४. राष्ट्रिय समन्वय परिषद निश्क्रिय रहन गएमा वा अत्यन्तै विवादित भइ संस्था विभाजित हुने अवस्थाको सृजना भएमा संरक्षक परिषदले राष्ट्रिय समन्वय परिषदलाई बैठक बस्न निर्देशन दिने र बैठक बस्न नसके वा निर्देशनको पालना नभए सम्पूर्ण राष्ट्रिय समन्वय परिषदका सदस्यहरुको भेलाको आयोजना गर्ने र संस्थाको संरक्षण गर्ने ।

२१.२ **संरक्षक परिषदको काम कर्तव्य :**

२१.२.१ परिषदले अवलम्बन गर्ने हरेक नीति बमोजिम कार्य सम्पादन गर्ने ।

२१.२.२ परिषदले अघि सारेका कार्यक्रमहरु सम्पन्न गर्न आफ्नो तर्फबाट योगदान गर्ने ।

२१.२.३ राष्ट्रिय समन्वय परिषदको अनुरोध बमोजिम विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न निकायहरु मा वा फोरमहरुमा विविध विषयहरुका लागि राष्ट्रिय समन्वय परिषदको प्रतिनिधित्व गर्ने ।

२१.२.४ परिषदले तोकेका अन्य कामहरु गर्ने ।

**२१.३ अनुशासन समिति :**

२१.३.१ राष्ट्रिय समन्वय परिषदको कार्य समितिले एक अनुशासन समिति गठन गर्नेछ । उक्त समितिमा एनआरएनएको कार्य समितिमा रहि काम गर्नु भएका पूर्व आइसिसी सदस्यहरु, पूर्व कार्यसमितिका पदाधिकारी तथा सम्पूर्ण सदस्यहरु, समाजसेवी र सामाजिक अभियन्ता मध्य आवश्यक जो कोही सदस्यबाट एक संयोजक रहने गरि ५ (पाँच) सदस्यीय समिति रहनेछ ।

२१.३.२ २१.३.१ अनुसार गठन भएको अनुशासन समितिले पदाधिकारी तथा सदस्यहरुबाट हुने आर्थिक कृयाकलाप, व्यक्तिगत नैतिक आचरण सामाजिक मान्यता तथा प्रचलित कानुन बमोजिम प्रतिकुल भए नभएको तथा संस्थाका निर्णयहरु कार्यान्वयन गर्ने बखतका गतिविधिहरु राष्ट्रिय समन्वय परिषदको उद्धेश्य विपरीत भए नभएको प्रत्यक्ष निगरानी तथा लेखाजोखा राखि पहिलो पटक सचेत गराउन, मौखिक स्पष्टिकरण र लिखित स्पष्टिकरण लिन सक्नेछ । तत्पश्चात पनि निजको आचरण र संस्थागत गतिविधिहरुमा सुधार नभएमा/नदेखिएमा अल्पकालिन निलम्बन तथा पूर्ण निलम्बनका लागि राष्ट्रिय समन्वय परिषदको कार्यसमितिलाई सिफारिश गर्न सक्नेछ ।

## परिच्छेद ९

## २२. निर्वाचन तथा मतदान

### २२.१ निर्वाचन समिति

२२.१.१ राष्ट्रिय समन्वय परिषदको कार्यकारिणी समितिको निर्वाचन प्रयोजनका लागि कार्यकारिणी समितिले एक आयुक्त र ४ सदस्य सहित बढीमा ५ सदस्यीय निर्वाचन समितिको गठन गर्न सक्नेछ । क्षेत्रीय समितिहरुको निर्वाचनका लागि भने राष्ट्रिय समन्वय परिषदले तोकेका आयुक्तले छनोट गरेका ५ जना सदस्यले निर्वाचन सम्पन्न गर्नेछन् ।

२२.१.२ राष्ट्रिय महाधिवेशनबाट अनुमोदित निर्वाचन समितिले देहाय बमोजिम निर्वाचन सम्पन्न गर्नेछ ।

२२.१.३ निर्वाचनमा मतदान गर्न वा उम्मेदवार बन्न राष्ट्रिय महाधिवेशनको तोकिएको मितिले एक महिना अगावै पञ्जिकृत सदस्यता लिइ सकेको हुनु पर्नेछ ।

२२.१.४ निर्वाचन प्रयोजनका लागि निर्वाचन समितिले मतदाता नामावली प्रकाशित गर्नेछ ।

२२.१.५ निर्वाचन समितिले निर्वाचन कार्यविधि तोक्नेछ ।

२२.१.६ निर्वाचनमा उम्मेदवारको योग्यताको हकमा राष्ट्रिय समन्वय परिषदको अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, महासचिव र कोषाध्यक्ष पदमा बाहेक अन्य पदहरुमा उम्मेदवार बन्नका लागि पञ्जिकृत सदस्य भए योग्य मानिनेछ ।

२२.१.७ निर्वाचन समितिले, अन्तर्राष्ट्रिय समन्वय परिषदले निर्धारण गरेको राष्ट्रिय अधिवेशन सम्बन्धी नियमावली तथा आचारसंहिता र रष्ट्रिय समन्वय परिषदले निर्धारण गरेको आचारसंहिताको दायरामा रहि निर्वाचन सम्पन्न गर्ने छ ।

**२२.२. राष्ट्रिय समन्वय परिषद्‌को अध्यक्ष, पदाधिकारी र सदस्यहरुको उम्मेदवार बन्न चाहिने योग्यता र हैसियत :**

राष्ट्रिय समन्वय परिषद अध्यक्ष, पदाधिकारी र सदस्य पदमा उम्मेदवार बन्नका लागी निजहरु गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको विधानको दफा ५.१ अनुसारको योग्यता भएको हुनु पर्ने छ । यसका साथै अन्तर्राष्ट्रिय महाधिवेशनमा प्रतिनिधि हुनको लागि निज सम्बन्धित देशमा बसोबास गरि परिषदको विधान अनुसार पंजिकृत सदस्य लिएको हुनु पर्ने छ । कुनै पदमा निर्वाचित भई सके पछि गैरआवासीय नेपालीको हैसियत प्रमाणित नभएमा निजको पद स्वत खारेज हुनेछ । अन्तर्राष्ट्रिय समन्वय परिषदको सदस्य पदको निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले सम्बन्धित रीष्ट्रिय समन्वय परिषदबाट सो देशमा अन्तर्राष्ट्रिय समन्वय परिषदको विधानको दफा ५.१ उल्लेखित भए बमोजिम दुई वर्ष भन्दा बढी बसोबास गरेको प्रमाणित हुने कागजात पेश गर्नु पर्नेछ । पेश नगरेमा निजको उम्मेदवारी स्वतः रद्द हुनेछ ।

२२.२.१. राष्ट्रिय समन्वय परिषदको अध्यक्ष पदमा (नयाँ स्थापना भएको राष्ट्रिय समन्वय परिषद बाहेक) उम्मेदवार बन्न निज राष्ट्रिय समन्वय परिषद वा अन्तर्राष्ट्रिय समन्वय परिषदको कार्यकारी सदस्य वा पदाधकारी भई एक कार्यकाल काम गरेको हुनु पर्नेछ र सोही पदमा दुई कार्यकाल पछि निज अध्यक्ष पदमा उम्मेदवार बन्न अयोग्य मानिने छ ।

२२.२.२ राष्ट्रिय समन्वय परिषद्‌को कार्यसमितिको वरिष्ठ उपाध्यक्ष, महासचिव र कोषाध्यक्षको उम्मेदवार बन्न निजहरु राष्ट्रिय समन्वय परिषदमा कम्तिमा १ (एक) कार्यकाल काम गरेको हुनु पर्नेछ र निजहरुको कार्यकाल समेत २ (दुई) पटक भन्दा बढी सोही पदमा उम्मेदवार बन्न अयोग्य मानिनेछ ।

२२.२.३ राष्ट्रिय समन्वय परिषदको पदाधिकारीमा उम्मेदवार बन्न चाहने व्यक्ति सम्बन्धित देशको बैधानिक बसोबास अधिकार प्राप्त भएको हुनुपर्ने छ ।

*(नोट: संघको विधानको अनुशरण गर्दै राष्ट्रिय समन्वय परिषदहरुले आफ्नो मुलुकभित्रको सांगठनिक संरचना र सो को सञ्जाललाई मध्यनजर गर्दै विभिन्न पदहरुमा चाहिने थप योग्यता र ती पदहरुको निर्वाचन विधि तथा पदिय हैसियत तय गर्नेछन्)*

२२.२.४ अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यको उम्मेदवार बन्न निज राष्ट्रिय समन्वय परिषदको पदाधिकारी वा सदस्य पदमा एक कार्यकाल पुरा गरेको हुनु पर्नेछ र निजको योग्यता गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको विधानको दफा ५ अनुसारको हुनुपर्ने छ ।

अन्तर्राष्ट्रिय समन्वय परिषद्मा आफ्नो मुलुकको प्रतिनिधि चयन गर्दा राष्ट्रिय महाधिवेशनमा सहभागी सम्पूर्ण योग्य मतदाताहरुले मतदान गर्न पाउनेछन् ।

२२.२.५ निर्वाचन समितिले निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई प्रमाण पत्र प्रदान गर्नेछ ।

२२.२.६ अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यको उम्मेदवार तथा राष्ट्रिय समन्वय परिषदका सबै उम्मेदवारहरुले संघको आचार संहितामा लिखित प्रतिबद्धता गरि उम्मेदवारी मनोनयन फारमका साथमा पेश गर्नुपर्ने छ । कुनै उम्मेदवार राजनैतिक, जातीय वा धार्मिक संस्थाको साधारण सदस्य बाहेक अन्य कुनै पद धारणा गरेको भए सो पद त्याग गरेको लिखित जानकारी पनि मनोनयन फारमका साथ पेश गर्नु पर्नेछ ।

## परिच्छेद १०

## कोष तथा लेखा परिक्षण

### २३. कोष

२३.१ राष्ट्रिय समन्वय परिषद पोर्चुगलको आफ्नो कोष हुनेछ, जसमा सदस्यता शुल्क, सरकारी अनुदान, व्यक्ति वा संस्था बाट प्राप्त अनुदान, प्रकाशन सामग्रीहरुको बिक्री वितरणबाट प्राप्त रकम, विभिन्न कार्यक्रमहरुको आयोजनाबाट प्राप्त रकमलाई आम्दानी मानिने छ ।

२३.२. कोषको रकम राष्ट्रिय समन्वय परिषदको नाममा बैंक खाता खोली जम्मा गरिने छ ।

२३.३ राष्ट्रिय समन्वय परिषदबाट गरिने ३०० युरो भन्दा माथिको खर्च बैक मार्फत कारोबार गरिनेछ ।

२३.४ राष्ट्रिय समन्वय परिषदका कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुने गरि अध्यक्ष वा महासचिवको हस्ताक्षरबाट उक्त खाता सञ्चालन गरिने छ ।

२३.५ राष्ट्रिय समन्वय परिषदले नियुक्त गरेका लेखा परिक्षकद्वारा वार्षिक रुपमा लेखा परिक्षण गरिनेछ ।

२३.६ लेखा परिक्षकको प्रतिवेदन अन्तर्राष्ट्रिय समन्वय परिषद र राष्ट्रिय समन्वय परिषदका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरुलाई उपलब्ध गराइनेछ ।

२३.७ राष्ट्रिय महाधिवेशनबाट पारित आर्थिक र प्रगति प्रतिवेदनको एक कपी अन्तर्राष्ट्रिय समन्वय परिषदलाई पठाउनु पर्ने छ ।

### २४. लेखा समिति :

राष्ट्रिय महाधिवेशनले लेखा समितिको चयन गर्नेछ । जसमा संयोजक १ र सदस्य १ चयन गर्नेछ भने १ सदस्य निर्वाचित कार्यसमितिले मनोनित गरि ३ सदस्य हुनेछ भने कार्यक्षेत्र लेखा परिक्षक अनुसार नै हुनेछ ।

### २५. लेखा र लेखा परीक्षण :

परिषदको आय व्ययको विवरण त्यस देशले अपनाएको लेखा प्रणाली बमोजिम राखिने छ । लेखा परीक्षण भए पश्चात लेखापरीक्षकले प्रत्येक वर्ष परिषदको लेखाको लेखा परीक्षण गरिदिएको प्रतिवेदन एक प्रति अन्तर्राष्ट्रिय समन्वय परिषदमा पेश गर्नुपर्ने छ । परिषदको लेखा तथा काम कारवाहीको सम्बन्धमा अन्तर्राष्ट्रिय समन्वय परिषदले अनुगमन गर्न सक्नुका साथै अनुगमन गर्दा परिषदको लेखा सम्बन्धी काम कारवाहीमा कुनै सुधार गर्न आवश्यक देखिएमा अन्तर्राष्ट्रिय समन्वय परिषदले आवश्यक निर्देशन दिन सक्ने छ । सो बमोजिम दिइएको निर्देशनको पालना गर्नु परिषदको कर्तव्य हुनेछ ।

### २६. बैंक खाता :

संघको बैंक खाता परिषदको नाममा राष्ट्रिय समन्वय परिषदले सञ्चालन गर्नेछ । खाताबाट सबै प्रकारका चेकहरु वा आदेशहरुको भुक्तानीका लागि यस विधानको दफा २३.४ मा तोकिए बमोजिमका दुई जना पदाधिकारी मध्यबाट सही गरिनेछ ।

## परिच्छेद ११

### २७. विविध

**२७.१ विधानको व्याख्या**

यो विधानको व्याख्या गर्ने अधिकार अन्तर्राष्ट्रिय समन्व परिषदको विधान समितिमा निहित रहने छ ।

**२७.२. विधानको संशोधनः**

यस विधानको कुनै पनि धारा उपधाराको संशोधन खारेजी तथा थपघट वा परिवर्तन गर्ने प्रस्ताव कार्यकारी समितिको सदस्यहरु मध्य बाट २५ प्रतिशतले पेश गर्न सक्ने छ । तर प्रस्ताव पेश गर्नु अघि अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषदको परामर्श लिनु पर्नेछ । यसरी पेश गरिएको प्रस्ताव विशेष अधिवेशन द्धारा दुई तिहाई बहुमतको आधारबाट पारित गर्न सक्ने छ । विधानको कुनै पनि धाराहरु खारेज वा संशोधन गर्ने प्रस्ताव पारित भएमा सो प्रस्ताव तुरुन्त लागू हुने छ ।

**२७.३. अन्य संघ संस्थाहरु सँगको सहकार्यता**

राष्ट्रिय समन्यव परिषदले यस विधानमा उल्लेख गरिएका उद्देश्यहरु प्राप्तिका लागि नेपाली एवं गैर नेपाली संस्थाहरु सँग सहकार्य तथा विभिन्न गतिविधिको समन्वय गर्न सक्नेछ ।

**२७.४. राष्ट्रिय समन्वय परिषदको विघटन**

सम्पूर्ण पञ्जिकृत सदस्यहरुको साधारण बहुमतले चाहेमा राष्ट्रिय समन्वय परिषद विघटन हुनेछ । राष्ट्रिय समन्वय परिषद विघटन भएको मितिले बढिमा ३ महिना भित्र विशेष राष्ट्रिय महाधिवेशनको बैठक बसी नयाँ राष्ट्रिय समन्वय परिषदको निर्वाचन सम्पन्न गर्नु पर्नेछ । राष्ट्रिय समन्वय परिषद विघटन भई नयाँ कार्यसमिति नबनेमा संस्थाको सम्पत्ति तथा कोष स्वतः अन्तर्राष्ट्रिय समन्वय समितिलाई हस्तान्तरण गर्नु पर्नेछ ।

**२७.५. लागू हुने कानून**

यो विधान र राष्ट्रिय समन्वय परिषदको हकमा पोर्चुगलको प्रचलित कानूनले वर्जित गरेको हद बाहेक गैरआवासीय नेपाली संघको विधान लागू हुनेछ ।

## अनुसूची-१

**संघको प्रतीक चिन्ह :**

दुई अर्ध वृत्तको घेरा भित्र अंग्रेजी ठूलो अक्षरमा NRNA, ठीक त्यसको मुनि NCC-Portugal लेखिएको हुनेछ । अंग्रेजी ठूलो अक्षरमा NRNA लेखिएको माथि दुई हिमालयहरुको बीचमा उदाउँदै गरेको सूर्य, दुई हिमालयको चुचुराहरुको माथिलो अर्धवृत्तमा पोर्चुगिज भाषामा Associação de Nepalêses Residentes em Portugal-NRNP लेखिएको र तल अर्ध वृत्तमा अंग्रेजी अक्षरमा “Non-Resident Nepali Association’ लेखिएको चिन्ह नै राष्ट्रिय समन्वय परिषद पोर्चुगलको प्रतीक चिन्हको नमुना हुनेछ ।

**राष्ट्रिय समन्वय परिषद पोर्चुगलको प्रतीक चिन्ह**

**प्रतीक चिन्हको नमुना :**
उदाउँदै गरेको सूर्यले गैरआवासीय नेपालीहरुको अभिलाषा, दुई हिमालयहरुले नेपाल, NRNA ले गैरआवासीय नेपालीहरु र दुई अर्धवृत्तहरुको घेराले पृथ्वीको प्रतिनिधित्व गर्छ ।

## अनुसूची-२

**कार्यालयको छाप :**
दुई अर्ध वृत्तको घेरा भित्र अंग्रेजी ठूलो अक्षरमा NRNA, ठीक त्यसको मुनि NCC-Portugal लेखिएको हुनेछ । अंग्रेजी ठूलो अक्षरमा NRNA लेखिएको माथि दुई हिमालयहरुको बीचमा उदाउँदै गरेको सूर्य, दुई हिमालयको चुचुराहरुको माथिलो अर्धवृत्तमा पोर्चुगिज भाषामा Associação de Nepalêses Residentes em Portugal-NRNP लेखिएको र तल अर्ध वृत्तमा अंग्रेजी अक्षरमा "Non-Resident Nepali Association' लेखिएको वाक्य हुनेछ ।

## अनुसूची - ३

कार्यालयको लेटर हेड/प्याडको नमुना देहाय बमोजिम हुनेछ :

FOR NEPALI BY NEPALI **Associação de Nepaleses Residentes Em Portugal-NRNP** नेपालीका लागि नेपाली
**गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, पोर्चुगल**
**Non-Resident Nepali Association National Co-ordination Council, Portugal**
(NRNA-NCC, Portugal)
**2006**
Regd. NIF-507723945

## अनुसूची - ४

आवेदन फारमको नमुना तोकिए बमोजिम हुनेछ ।

## अनुसूची - ५

संघको परिचय पत्रको नमुना अंग्रेजी भाषामा राष्ट्रिय समन्वय परिषदले व्यवस्था गरे बमोजिम हुनेछ :

## अनुसूची - ६

### शपथ

म सत्यनिष्ठ एवं विवेकपूर्वक सपथ लिन्छु कि **गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद पोर्चुगलको** विधान र यसको अधीनमा बन्ने नियम उपनियमहरुको पालना गर्नेछु । म कहिल्यै पनि विधानले मलाई दिएको अख्तियारीको दुरुपयोग गर्ने एवं पदको गोपनियता भंग गर्ने कार्य गर्ने छैन । म गैरआवासीय नेपाली संघको मूल्य र मान्यताहरुलाई सदा सर्वोकृष्टताका साथ आत्मसाथ गर्ने मेरो प्रतिवद्धतालाई अभिव्यक्त गर्दछु ।

## अनुसूची - ७

दफा २२.२.३ नोटको व्यवस्था अनुसार निम्न अनुसारको विभाग र समितिहरु अनिवार्य गठन गर्नु पर्नेछ । साथै आवश्यकता अनुसार अन्य विभाग/समितिहरु गठन गर्न सकिनेछ ।

१. NRNA महिला विभाग

२. युवा तथा खेलकुद विभाग

३. भाषा, सस्कृती संरक्षण विभाग

४. अनुशासन समिति (परिच्छेद-८ को २१.३. अनुसार हुनेछ ।)

## विधान संशोधन समिति :

**संयोजकः**

जयभद्र सापकोटा ..............................

**सदस्यहरु**

टेकबहादुर थापा ..............................

हेमबहादुर गुरुङ्ग ..............................

राजेन्द्र गौतम ..............................

अमृत रिजाल ..............................

**३० जुलाई २०२३ को नवौं राष्ट्रिय महाधिवेशनबाट पारित विधान**

## ॥ समाप्त ॥